# कमलामाई नगरपालिका

## पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर संचालन

## कार्यविधि २०७७

# कमलामाई नगरपालिका

**सिन्धुलीमाढी**

**बागमती प्रदेश,नेपाल**

# पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर संचालन कार्यविधि, २०७७

**पृष्ठभूमि**

पशु स्वास्थ्य सेवा सार्बजनिक सम्पत्तिको रुपमा बिश्वमा हेरिदै आएको बर्तमान परिप्रेक्षमा कमलामाई नगरपालिकामा पनि पशु विका शाखा तथा वडा अन्तरगतका पशु विकास शाखाबाट पशु विकास तथा पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । नगरको भौगोलिक अवस्था तथा कृषकको चाहना अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र ब्यावसायिक पशुपालनको बृद्धि सँगै पशु स्वास्थ्य सेवा तर्फ विशेषज्ञ सेवाको माग बढ्दै गएको बर्तमान सन्दर्भमा कतिपय वडाहरुमा यथेष्ठ संख्यामा विशेषज्ञहरुको उपलब्धता सहज नभएको यर्थाथतालाई दृष्टिगत गरी यस कार्यक्रम मार्फत पशु पालनको पकेट क्षेत्रमै सवै क्षेत्रका विशेषज्ञहरुको उपस्थितिमा एकीकृत पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले कमलामाई नगरपालिकाको को नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी र पारदर्शीरुपमा संचालन गर्न **पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर संचालन कार्यविधि, २०७७** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय स्थानिय सरकार संचालन एनको दफा १०२(२) अनुसार जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर संचालन कार्यविधि, २०७७** रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले कमलामाई नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "कृषि समिति" भन्नाले कमलामाई नगरपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले कमलामाई नगरपालिका पशु विकास शाखा सम्झनु पर्दछ।

**३. उद्धेश्य :** यो कार्यविधि को उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क) कमलामाई नगरपालिकाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

ख) ब्यबसायिक पशु पालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविरको माध्यमबाट उपलब्ध गराउँने ।

ग) कमलामाई नगरपालिका पशु विकास शाखा/वडा कार्यालयको पशु विकास शाखाको पहुँच भन्दा टाढा रहेको कुनै पनि सम्भाव्य स्थानमा कृषक/उद्यमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउँन प्राथमिकता दिने ।

घ) पशु पन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने ।

ङ) पशुस्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

**परिच्छेद २**

**४. कार्यक्रम संचालन प्रकृयाः**

४.१ एकीकृत पशु स्वास्थ्य शिविर संचालन गर्नुपूर्व कमलामाई नगरपालिका, सम्वन्धित पशु विकास शाखाले कृषि समितिसँग समन्वय गरी तहाँको आवश्यकता अनुसार नगरको विभिन्न वडाहरुमा शिविर संचालन गर्न स्थान छनौट गर्नेछ ।

४.२ पशु विकास शाखाले आफ्नो नगरको वडाहरुको आवश्यकता अनुसार (त्यस क्षेत्रका कृषक/कृषक समूह, समितिको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता) शिविर संचालनको लागि स्थान तोकी कृषि समितिलाई जानकारी गराउँनेछ

४.३ पशु विकास शाखासँगको समन्वयमा कृषि समितिले शिविर संचालन गर्ने मिति तोक्नेछ र सोको जानकारी सम्वन्धित पशु विकास शाखा तथा वडा कार्यालयमा गराउँनेछ ।

४.४ कमलामाई नगरपालिका कृषि समितिले शिविर संचालनको मिति र स्थान सम्वन्धित शाखा मार्फत वडा कार्यालय र आवश्यकता अनुसार त्यस स्थानका समूह तथा सहकारीलाई जानकारी गराउँनेछ ।

४.५ पशु विकास शाखाले कार्यक्रम संचालन हुन १ हप्ता अगावै स्थानीय संचार माध्यम, रेडियो, पोष्टर, पम्फलेट आदिको माध्यमबाट प्रचार प्रसार गर्नेछ ।

४.६ पशु विकास शाखाले कार्यालय तथा शाखाबाट जाने विशेषज्ञ टोली सहित शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको ब्यबस्थापन गर्नेछ ।

४.७ विशेषज्ञ टोलीमा शिविर संचालन हुने जिल्लाको आवश्यकता अनुसार कार्यालय,पशु चिकित्सालय, भेटेरिनरी प्रयोगशाला, भेटेरिनरी शिक्षण संस्थान, पशु स्वास्थ्य अनुसन्धान र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु हुनेछन् ।

४.८ एउटा शिविरमा साना र ठूला गरी कम्तीमा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउँनु पर्नेछ ।

**परिच्छेद ३**

**५. आर्थिक कार्यविधि**

५.१ शिविर संचालनको लागि आवश्यक सम्पूर्ण कृयाकलापहरु १ लाख रुपैया सम्ममा सम्पन्न गर्नुपर्नेछ । जसअनुरुप तपशील बमोजिमका रहनेछन् ।

| **क्र.सं.** | **कृयाकलापहरु** | **लागत (रु)** |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्वन्धि प्रचार प्रसार<br>क) मेडिया (छाँया, श्रव्य, श्रव्यदृष्य) | <br>७,०००/-<br>३,०००/- |

| | | |
|---|---|---|
| | ख) तुल/ब्यानर/पोष्टर | |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यबस्थापन | ७०,०००/- |
| ३ | चियापान/खाना खर्च (औपचारिक कार्यक्रम समेत) | १३,००० /– |
| ४ | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक ब्यबस्थापन | ७,००० /– |

५.२ पशु स्वास्थ्य तथा बझोपा निवारण शिविरका लागि कार्यालय, शाखा तथा विभिन्न संबन्धित निकायबाट जाने कर्मचारी तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ता तथा अनुगमन भत्ताको ब्यबस्थापन कमलामाई नगरपालिकाको प्रचलित आर्थिक नियमानुसार कमलामाई नगरपालिका पशु विकास शाखाको अनुगमन तथा मूल्यांकन शिर्षकबाट वा नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**परिच्छेद ४**

**७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन कमलामाई नगरपालिका,कमलामाई नगरपालिका कृषि समिति तथा वडा कार्यालयहरुले गर्नेछन् र सोको प्रतिवेदन र प्रगति सम्बन्धित कमलामाई नगरपालिकामा पठाउनु पर्ने छ ।

**८. थपघट वा हेरफेर गर्न सक्ने**

1. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कमलामाई नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
2. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कमलामाई नगरपमलिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।